प्रदेश लोक सेवा आयोग

बागमती प्रदेश

प्रशासन सेवा, सामान्य प्रशासन/लेखा समूह, पाँचौ तह, सहायक पाँचौ वा सो सरह पदको

खुला प्रतियोगितात्मक लिखित परीक्षा

परीक्षा मिति: २०८१/०४/१८ **पत्र:** द्वितीय

पूर्णाङ्क: १०० **विषय:** नेपालको समसामयिक अध्ययन र सार्वजनिक सेवा व्यवस्थापन

समय: २ घण्टा ३० मिनेट

निम्न प्रश्नहरूको उत्तर खण्ड अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नु पर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

खण्ड-क (अङ्क-५०)

1. राज्य शक्तिका अङ्गहरू कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको मुख्य कार्य उल्लेख गर्दै नेपालको संविधानमा यी अङ्गहरूको अन्तरसम्बन्ध कसरी कायम राख्ने व्यवस्था गरिएको छ? प्रस्ट पार्नुहोस्। **[३+७]**
2. प्रत्येक वर्ष नेपालको व्यापार घाटा बढ्दो क्रममा छ। व्यापार घाटा वृद्धि हुनुका कारणहरू उल्लेख गर्दै व्यापार सन्तुलन कायम गर्न के कस्ता रणनीतिहरू उपयुक्त हुन सक्छन्? सुझावहरू प्रस्तुत गर्नुहोस्। **[५+५]**
3. नेपाली समाजमा विद्यमान सामाजिक विकृतिहरू के के हुन्? ती विकृतिहरूले पारेको नकारात्मक असरहरूको चर्चा गर्दै यसलाई अन्त्य गर्न के कस्ता उपायहरू अपनाउनुपर्ला? सुझावहरू दिनुहोस्। **[३+७]**
4. दिगो विकास भनेको के हो? नेपालमा दिगो विकास लक्ष्यहरूको आधारमा हालसम्म भएका उल्लेखनीय प्रगतिहरू के के हुन्? लेख्नुहोस्। **[४+६]**
5. सरकारी कार्यालयमा सूचना प्रविधिको माध्यमबाट कसरी सेवा प्रवाहको प्रभावकारितामा वृद्धि भएको छ? उदाहरणसहित प्रकाश पार्नुहोस्। **[१०]**

खण्ड-ख (अङ्क-५०)

6. प्रचलित नियम अनुसार कर्मचारीका आचरणहरू के के हुन्? उल्लेख गर्दै आचरणको पालना नगरेमा के कस्ता सजाय हुने व्यवस्था छ? प्रकाश पार्नुहोस्। **[५+५]**
7. सहकारीका सिद्धान्तहरू के के हुन्? वर्तमान परिप्रेक्ष्यमा सहकारी सुशासन कायम गर्न प्रदेश सरकार र स्थानीय तहले चाल्नुपर्ने भूमिका बारे चर्चा गर्नुहोस्। **[३+७]**
8. ट्रेड युनियनको अवधारणाको विकास हुनुको उद्देश्य के थियो? उल्लेख गर्दै नेपालमा यस अवधारणाको अभ्यास कसरी भएको छ? चर्चा गर्नुहोस्। **[५+५]**
9. विकास र वातावरण बिच सन्तुलन कायम राख्न राज्यले के कस्तो नीति अङ्गीकार गरेको छ? मौजुदा नीति (ऐन, नियम), संरचना र कार्यक्रमका आधारमा प्रकाश पार्नुहोस्। **[१०]**

MIRAS ACADEMY
LEARN • GROW • SUCCEED
CONTACT 9851335414 / 15
LOCATION CTC Mall 9th Floor , Sundhara Kathmandu
Loksewa Preparation || For Free Consultation Contact : 9851335414/9851335415 (Viber/Whatsapp/Call)

10. सूचनाको हक भनेको के हो? सूचनाको हक सम्बन्धमा सार्वजनिक निकायको दायित्व के के हुन्? चर्चा गर्दै प्रवाह नगरी गोप्य राख्नुपर्ने सूचनाहरू के के हुन्? उल्लेख गर्नुहोस्। **[२+३+५]**

• समाप्त •

LEARN • GROW • SUCCEED

प्रदेश लोक सेवा आयोग

बागमती प्रदेश

प्रशासन सेवा, सामान्य प्रशासन समूह, पाँचौ तह, सहायक पाँचौ वा सो सरह पदको

खुला प्रतियोगितात्मक लिखित परीक्षा

परीक्षा मिति: २०८१/०४/१९ **पत्र:** तृतीय

पूर्णाङ्क: १०० **विषय:** सेवा सम्बन्धी

समय: २ घण्टा ३० मिनेट

निम्न प्रश्नहरूको उत्तर खण्ड अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नु पर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

खण्ड-क (अङ्क-५०)

1. सङ्गठन निर्माणको सैद्धान्तिक अवधारणा प्रस्तुत गर्दै नेपालको निजामती प्रशासनको विद्यमान सङ्गठनात्मक स्वरूपको बारेमा संक्षिप्त रूपमा प्रस्तुत गर्नुहोस्। **[५+५]**
2. सहभागितामूलक व्यवस्थापन भनेको के हो? यसले सङ्गठनको क्रियाकलापमा पार्ने सकारात्मक प्रभावहरू उल्लेख गर्नुहोस्। **[५+५]**
3. प्रचलित कानून अनुसार कुन कुन कार्य र अवस्थामा कार्यसम्पादन करार गर्न सकिन्छ? कार्यसम्पादन करार गर्दा छुटाउन नहुने कुराहरू के के हुन्? लेख्नुहोस्। **[५+५]**
4. महालेखापरीक्षकको वार्षिक प्रतिवेदनले सार्वजनिक निकायहरूको बेरुजुको आकार भयावह बन्दै गएको प्रतिविम्बित गर्दछ। बेरुजु के कारणले सिर्जना हुन्छ? बेरुजुको आकार न्यूनीकरण गर्न के कस्ता उपायहरू अवलम्बन गर्नुपर्ला? सुझाव गर्नुहोस्। **[५+५]**
5. सङ्गठन भित्र सुपरिवेक्षण किन आवश्यक छ? चर्चा गर्दै सुपरिवेक्षण कार्यका लागि सूचना प्रविधिको उपयोग कसरी हुन सक्छ? उदाहरणसहित उल्लेख गर्नुहोस्। **[५+५]**

खण्ड-ख (अङ्क-५०)

6. नगरपालिकाहरूमा फोहोरमैला व्यवस्थापन कार्य निकै जटिल छ भनिन्छ र यो कार्यमा अपेक्षा गरे अनुरूप सफलता हासिल हुन नसकेको अवस्था छ। यस्तो अवस्था देखिनुका कारणहरू केलाउँदै समाधानका उपायहरू सुझाव गर्नुहोस्। **[५+५]**

MIRAS ACADEMY
CONTACT 9851335414 / 15
LOCATION CTC Mall 9th Floor Sundhara Kathmandu
Loksewa Preparation || For Free Consultation Contact : 9851335414/9851335415 (Viber/Whatsapp/Call)

7. बागमती प्रदेशको प्रदेश सभाको काम, कर्तव्य, अधिकार क्षेत्र र भूमिकाको बारेमा चर्चा गर्नुहोस्। **[१०]**
8. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार प्रमुख प्रशासकीय अधिकृतको सार्वजनिक सेवा प्रवाहमा रहेको भूमिका उल्लेख गर्दै उक्त भूमिकामा थप प्रभावकारिता ल्याउन के कस्ता कदमहरू चाल्नुपर्ला? सङ्क्षेपमा चर्चा गर्नुहोस्। **[५+५]**
9. बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउन बजेट तर्जुमाको ठूलो भूमिका रहन्छ भनिन्छ। बजेटलाई कार्यान्वयनयोग्य बनाउन बजेट तर्जुमामा ध्यान दिनुपर्ने मूलभूत कुराहरू के के हुन सक्लान्? उल्लेख गर्नुहोस्। **[१०]**
10. आयोजनाको विशेषताहरू उल्लेख गर्दै आयोजना चक्र (Project Cycle) को बारेमा उदाहरणसहित प्रस्तुत गर्नुहोस्। **[३+७]**

प्रदेश लोक सेवा आयोग

बागमती प्रदेश

प्रशासन सेवा, लेखा समूह, पाँचौ तह, लेखापाल/आ.ले.प. सहायक पदको

खुला प्रतियोगितात्मक लिखित परीक्षा

परीक्षा मिति: २०८१/०४/२० **पत्र:** तृतीय

पूर्णाङ्क: १०० **विषय:** सेवा सम्बन्धी

समय: २ घण्टा ३० मिनेट

निम्न प्रश्नहरूको उत्तर खण्ड अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नु पर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

खण्ड-क (अङ्क-५०)

1. PLMBIS र SUTRA भनेको के हो? यिनको प्रयोग किन गरिन्छ? यी दुई बिचमा कस्तो भिन्नता रहेको छ? उल्लेख गर्नुहोस्। **[४+३+३]**
2. सङ्घ, प्रदेश र स्थानीय तहले सङ्कलन गर्ने कर तथा गैर कर राजस्वका बारेमा जानकारी गराउनुहोस्। **[१०]**
3. बेरुजुको विद्यमान अवस्था माथि प्रकाश पार्दै बेरुजु फछ्यौंट समितिको गठन एवम् समितिको काम, कर्तव्य र अधिकार उल्लेख गर्नुहोस्। **[३+३+४]**
4. सार्वजनिक खरिदमा के कस्ता विधि र प्रक्रियाहरू अवलम्बन गरिनु पर्दछ? संक्षेपमा प्रकाश पार्नुहोस्। **[१०]**
5. सरकारी सम्पत्तिको जिम्मा, श्रेष्ठता र जिन्सी निरीक्षणमा के कस्तो विधि र प्रक्रियाको अवलम्बन गरिनु पर्दछ? प्रचलित कानूनका आधारमा चर्चा गर्नुहोस्। **[१०]**

MIRAS ACADEMY
CONTACT
9851335414 / 15
LOCATION
CTC Mall 9th Floor ,
Sundhara Kathmandu
Loksewa Preparation || For Free Consultation Contact : 9851335414/9851335415 (Viber/Whatsapp/Call)

खण्ड-ख (अङ्क-५०)

6. Public Sector Accounting Standard भन्नाले के बुझ्नुहुन्छ? नेपालमा सार्वजनिक लेखालाई गुणस्तरीय बनाउन हालसम्म के कस्ता प्रयासहरू भएका छन्? प्रकाश पार्नुहोस्। **[३+७]**
7. सरकारी लेखामा प्रयोग हुने महत्वपूर्ण पाँच वटा म.ले.प.फारामहरूको महत्व र प्रयोगका बारेमा जानकारी गराउनुहोस्। **[१०]**
8. सरकारी निकायमा आम्दानी र खर्च प्रणाली व्यवस्थित गर्न लेखा प्रमुखको भूमिका कस्तो हुनु पर्दछ? उदाहरणसहित स्पष्ट पार्नुहोस्। **[१०]**
9. सरकारी निकायहरूमा आन्तरिक लेखा परीक्षण किन आवश्यक छ? आन्तरिक लेखा परीक्षकले लेखा परीक्षण गर्दा के कस्ता पक्षहरूमा ध्यान पुऱ्याउनु पर्दछ? उदाहरणसहित प्रकाश पार्नुहोस्। **[४+६]**
10. महालेखा परीक्षकको काम, कर्तव्य र अधिकार के के हुन्? उल्लेख गर्नुहोस्। **[१०]**

• समाप्त •

LEARN • GROW • SUCCEED
MIRAS ACADEMY
लोकसेवा तयारी
बैंकिङ तयारी
शिक्षक सेवा तयारी
संस्थान्न तयारी
CONTACT
9851335414 / 15
LOCATION
CTC Mall 9th Floor ,
Sundhara Kathmandu
Loksewa Preparation || For Free Consultation Contact : 9851335414/9851335415 (Viber/Whatsapp/Call)